बैठक नं.

आज मिति २०८१ साल चैत्र महिनाको ०२ गते शनिबारका दिन पूर्वाह्न ११.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | फणिन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | हिम बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

CS CamScanner

## मिति २०८१।१२।०२ गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धमा

२) कर्मचारी नियुक्ति सम्वन्धमा ।

## मिति २०८१।१२।०२ को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका वैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

२) कर्मचारी नियुक्ति सम्वन्धमा ।

प्रस्ताव नं.२ मा छलफल गर्दा यस कार्यालयको स्विकृत दरबन्दी तेरिजमा यस कार्यालय स्थित प्राविधिक शाखामा स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समुहको इन्जिनियर ७/८ औं पद तथा शिक्षा शाखामा स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह शिक्षा अधिकृत ७/८ औं पदको व्यवस्था रहेकोमा यस कार्यालयबाट मिति २०८१र०६र१४ मा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा उक्त प्राविधिक शाखामा रिक्त रहेको स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समुहको इन्जिनियर ७/८ औं पद तथा शिक्षा शाखामा रिक्त रहेको स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह शिक्षा अधिकृत ७/८ औं पदको लागि माग आकृति फारम भरी पठाइएको ।

उक्त माग आकृति फारम बमोज़िम प्रदेश लोक सेवा आयोग, गण्डकीले बढुवा सूचना नं ४५/२०८१/८२ (ज्येष्ठता) र ५०/२०८१/८२ (ज्येष्ठता) को सूचनाद्वारा कर्मचारी बढुवा गरी तपसिलका कर्मचारीहरूलाई यस कार्यालयमा सिफारिस गरेको हुँदा निजहरूले मिति २०८१र११र२२ मा यस कार्यालयमा उपस्थित भई यस गाउँपालिका अन्तर्गत स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समुहको अधिकृतस्तर सातौं तहको इन्जिनियर तथा स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह अधिकृतस्तर सातौं तहको शिक्षा अधिकृत पदमा बढुवा नियुक्ती पाउँ भनी निवेदन दिनुभएको ।

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बढुवा समितिको सचिवालय) पोखराको च.नं ७३ मिति २०८१/११/२१ को उजुरी नपरेको सम्बन्धी कागजात सहित बढुवा नियुक्तीको लागी निवेदन पेस गरेको हुँदा तपसिलका व्यक्तिहरूलाई यस कार्यलय अन्तर्गत रिक्त स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समुह सातौं तहको इन्जिनियर तथा स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह सातौं तहको शिक्षा अधिकृत पदमा स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को परिच्छेद ४ दफा २८ (क) बमोजिम मिति २०८१/१२/०२ गतेको गाउँ

कार्यपालिकाको बैठकबाट नियुक्ति दिने निर्णय भएको तथा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४३ (ख) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बढुवा समितिको मिति २०८१/१०/१० र २०८१/१०/१५ को निर्णयानुसार मिति २०८१/१०/१६ गते प्रकाशित सूचनाको ३६ औं दिन मिति २०८१/११/२१ गते देखी ज्येष्ठता कायम तथा निजहरूले बढुवा नियुक्ती पाउँ भनी निवेदन दिएको मिति २०८१/११/२२ देखी लागु हुनेगरी नियमानुसार बढुवा नियुक्ति दिई कामकाजमा लगाउन निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं | नामथर | क.सं.नं. | खुला /बढुवा | योग्यता क्रम नं | सिफारिस भएको सेवा, समूह, तह र पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ४५/ २०८१-८२ | सूर्या ढकाल | ४-४२-४५६५-०२५७३ | बढुवा | १ | स्थानीय इन्जिनियरिङ, सिभिल, सातौं, इन्जिनियर | |
| २ | ५०/ २०८१-८२ | सरस्वती पुन | २०८७६८ | बढुवा | १ | स्थानीय प्रशासन, शिक्षा प्रशासन, सातौं, शिक्षा अधिकृत | |

बैठक नं.

आज मिति २०८१ साल चैत्र महिनाको ३१ गते आइतबारका दिन पूर्वाह्न ११.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | फणिन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | गौमाया नेपाली | कार्यवाहक वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | हिम बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

CamScanner

## मिति २०८१।१२।३१ गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वियनको समिक्षा सम्वन्धमा

२) सार्वजनिक सुनुवाई सम्वन्धमा

३) पारित गर्नु पर्ने कानून साथै कानून निर्माणका लागि सैद्धान्तिक सहमती सम्वन्धमा ।

४) अन्नपुर्ण आधारभुत अस्पताल सञ्चालन सम्वन्धमा ।

५) नवप्रर्वधन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा

६) वडा नं १० स्वास्थ्य चौकी भवन निर्माण सम्वन्धमा

७) उपचार खर्च सम्वन्धमा

८) प्रदेश समपुर र विशेष योजना सम्वन्धमा

## मिति २०८१।१२।३१ को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका वैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

**२) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्वन्धमा**

प्रस्ताव नं.५ उपर छलफल गर्दा आ.व. ०८१।०८२ को दोस्रो चौमासिकमा गाउँपालिकाले गरेको सेवा प्रवाह र विकास निर्माण सम्वन्धी विषयहरुमा नागरीकहरुलाई जानकारी गराउने र नागरीकका गुनासाहरु सम्वोधन गर्नका लागि २०८१ बैशाख १२ गते शुक्रबार का दिन वडा नं ६ कार्यालयमा सञ्चालन गर्ने निर्णय गरियो ।

**३) पारित गर्नु पर्ने कानून साथै कानून निर्माणका लागि सैद्धान्तिक सहमती सम्वन्धमा**

प्रस्ताव नं ३ मा छलफल गर्दा तपसिल बमोजिमका कानूनहरु पारित साथै कानून निर्माणका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**पारित गर्नु पर्ने कानून**

- कोसेली घर सञ्चालन कार्यविधि २०८१
- कर्मचारी सम्मान तथा पुरस्कृत मापदण्ड २०८१
- जिन्सी लिलाम सम्वन्धी कार्यविधि २०८१
- विधुतिय प्रणाली प्रयोगकर्ता व्यवस्थापन कार्यविधि २०८१
- सार्वजनिक खरिद नियमावली २०८१

**सैद्धान्तिक सहमती।**

- सार्वजनिक जग्गा तथा सरकारी सम्पत्ती सरक्षण र उपयोग सम्वन्धी कार्यविधि २०८१

CamScanner

**४) अन्नपुर्ण आधारभुत अस्पताल सञ्चालन सम्वन्धमा**

प्रस्ताव नं ४ मा छलफल गर्दा अन्नपुर्ण गाँउपालिका वडा न २ मा रहेको अन्नपुर्ण आधारभुत अस्पताल मौजुदा जनशक्तिबाट सञ्चालनमा ल्याउने र अन्य जनशक्ति आवश्यकता अनुसार थप जनशक्ति पुर्ति गदै जाने गरी हाल लाई सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**५) नवप्रर्वधन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा**

प्रस्ताव नं ४ मा छलफल गर्दा कोदोका परीकारहरुको उत्पादन, विविधकरण र बजारीकरण गरी नागरिकको आर्यआर्जन बृद्धि गर्ने उद्देश्यले नवप्रर्वधन कार्यक्रम अन्तर्गत प्रदेश सरकारमा उक्त कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**६) वडा नं १० स्वास्थ्य चौकी भवन निर्माण सम्वन्धमा**

प्रस्ताव नं.६ उपर छलफल गर्दा संघिय सरकारबाट प्राप्त रु ३८,८६,०००। रकम बाट वडा नं १० स्वास्थ्य चौकी निर्माण गर्ने । उक्त स्वास्थ्य चौकी निर्माण उपभोक्ता समिति मार्फत निर्माण गर्ने निर्णय गरियो ।

**७) उपचार खर्च सम्वन्धमा**

प्रस्ताव नं.७ उपर छलफल गर्दा यस कार्यालयका कार्यरत सव इन्जिनियर सुमिरन बडगामी कार्यालयको कामको सिलसिलामा वडा नं २ को योजना को नापजाँच गर्न जाँदा दुर्घटना पनि निजको हात भाचीएको, उक्त उपचार गर्न ठुलो रकम खर्च भएको भनी निवेदन पेश गर्नु भएकोले निजलाई उपचार खर्च वापत रु ५००००। आर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै वडा नं ९ का वडाअध्यक्ष श्री रमेश गुरुङ विरामी परि ठुलो खर्च भएकोले निजलाई पनि उपचार खर्च बापत रु १०००००। रुपैया आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**८) समपुरक र विशेष योजना सम्वन्धमा।**

प्रस्ताव नं.८ मा छलफल गर्दा तपसिलका योजनाहरुलाई छनौट गरी प्राथमिकिरकण तोकी गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को लागि समपुरक र विशेष योजना समावेश गर्नको लागि गण्डकी प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

**समपुरक योजना**

| क्र.स. | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | काँडे भदौरे सल्यान पुरानागाँउ ग्रामिण सडक स्तरोन्नती योजना | ३,४,५ | |
| २ | बिरेठाँटी तिखेढुङ्गा उल्लेरी मुक्तिमार्ग सडक स्तरोन्नती योजना | ८ र ९ | |

| | | | |
|---|---|---|---|
| ३ | ढिकुरपोखरी पाउँदुर अधेरी खोला भदौरे सडक | २,३,४ | |

**विशेष अनुदान तर्फ**

| क.स. | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | शितगृह भवन निर्माण | २ | |
| २ | तोल्का आधारभुत स्वास्थ्य चौकी निर्माण | ७ | |
| ३ | तिख्यान सिचाई योजना | १० | |

CamScanner